# बेशीसहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बेशीसहर, लमजुङ्ग
गण्डकी प्रदेश, नेपाल

## शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७६/११/१३ गते)**

वेशीसहर नगरपालिकाको चालु आर्थिक बर्षको स्वीकृत वजेट तथा कार्यक्रम अर्न्तगत रही देहायका कार्यहरु खरिद गर्नुपर्ने भएकोले यो दरभाउपत्र सुचना प्रकाशित गरिएको छ । सूचनामा तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ । दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभ साईट www.besisaharmun.gov.np हेर्न सकिने तथा कार्यालय समय भित्र यस नगर कार्यपालिका कार्यालयको खरिद शाखामा सम्पर्क राख्न सकिनेछ । कामको विवरण यस प्रकार छ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान | धरौटी रकम रु. | दरभाउ पत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| खरिद/०८/०७६/०७७ | कृषक संगको लागत साझेदारीमा मौरी घार खरिद<br>• खाली घार– ३०० थान<br>• मौरी सहितको घार–१०० थान | रु. १०२०००0।0 | २५,५००।०० | १०००।० |

**क. शर्तहरु :**

१। दरभाउपत्रदाताले यो सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र खरिद शाखाबाट दरभाउपत्र खरिद गर्नुपर्नेछ । दरभाउपत्र खरिदकर्ताले १६ औ दिनको १२ वजे भित्र दरभाउपत्र दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको १.० वजे नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

२। दरभाउपत्र पेश गर्दा दरभाउपत्र खरिद बापत नियमानुसार लाग्ने दस्तुर रकम यस कार्यालयको रा.वा. बैक, बेशीसहर शाखामा रहेको आन्तरिक आय खाता नं. ग–४–३ – ३०४०३०४०३८३०४ मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीदको कपी, नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपिको कपी पेश गर्नुपर्नेछ ।

३। ठेक्का लिन चाहने इच्छुक फर्मले धरौटी बापत कबोल अंकको कम्तीमा २.५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस बेशीसहर नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको चल्ती हिसाव नं. ३०४०३०३००७१०४ ग–३ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको कपी वा “क” वर्गको बाणिज्य बैकबाट जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा ४५ दिन अवधिको विडबण्डको सक्कल पेश गरेको हुनुपर्नेछ ।

४। दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

५। रितपूर्वक दाखिला भएका दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुने छैन ।

६। प्रचलित नियमानुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

मोहनप्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत